धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक
जि.प्र.का दर्ता नं ०६/०६१/०६२ जि.हु.का दर्ता नं ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

ई- पेपर हेर्नका लागी

वर्ष १९ ,अङ्क १८ ◆ २०७९ श्रावण १८ बुधबार ◆ Wednesday, AUGUST 03,2022 ◆ ने सं ११४२ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## साउदीमा मृत्यु भएकाको परिवारले पाए १७ करोडभन्दा बढी 'ब्लडमनी'

❑ *प्रत्यूष समाचारदाता*

वैदेशिक रोजगारीका क्रममा साउदी अरबमा मृत्यु भएका नेपाली कामदारका परिवारले एक वर्षमा 'ब्लडमनी' स्वरुप १७ करोड रुपैयाँभन्दा बढी रकम पाएका छन् ।साउदीको रियादस्थित नेपाली दूतावासका अनुसार गत आर्थिक वर्ष २०७८/७९ (२०७८ साउनदेखि २०७९ असार मसान्तसम्म) मा उनीहरुले उक्त रकम पाएका हुन् ।सो अवधिमा मृतक नेपालीले कामदारले कम्पनीबाट लिन बाँकी रहेको तलब र बोनस तथा सडक दुर्घटनामा परी मृत्यु भएका नेपाली कामदारको ब्लडमनी कुल ५० लाख ९० हजार ९१८ साउदी रियाल (१७ करोड ८ लाख ३ हजार ६९८ रुपैयाँ) मृतकको परिवारका नाममा पठाइएको दूतावासले जनाएको छ ।

गत आर्थिक वर्ष साउदी अरबमा दुर्घटना तथा विविध कारणले २०६ जना नेपालीको मृत्यु भएको थियो ।मृत्यु भएकामध्ये १८० जनाको शव नेपाल पठाइएको, १८ जनाको साउदी अरबमैं अन्तिम संस्कार गरिएको र ८ जनाको शव पठाउन बाँकी रहेको जानकारी दूतावासले दिएको छ।दूतावासका अनुसार प्राकृतिक कारण (हृदयघात समेत) ११२ जना, आत्महत्या गरेर ३४ जना, सडक दुर्घटनामा परी ३१ जना, कार्यस्थल दुर्घटनामा परी १४ जना र कोरोना संक्रमणका कारण १४ जना नेपालीको गत वर्ष साउदी अरबमा मृत्यु भएको थियो । एक जना नेपालीको भने हत्या भएको थियो । ट्राफिक दुर्घटनामा मृत्यु भएका ३२५ नेपाली कामदारको ब्लडमनी सम्बन्धी मुद्दा स्थानीय अदालतमा दायरका लागि सम्बन्धित प्रहरी कार्यालयमा फलोअप गरिएको जनाएको छ ।

### बढ्दै साईबर क्राईमका घटना

# बिद्यालयमा साईबर क्राईम सम्बन्धी जनचेतना फैलाउदै प्रहरी

❑ *प्रत्यूष समाचारदाता*



जिल्ला प्रहरी कार्यलय धादिङले साईबर क्राईम सम्बन्धी सचेतना मुलक कार्यक्रम संचालन गरेको छ । समाजमा हुने साईबर क्राईम न्युनीकरण गर्नको लागि मंगलबार धादिङको नीलकण्ठ-३ स्थित धादिङबेशीमा रहेको सुनगाभा बोर्डिङ स्कुल धादिङका कक्षा ९ र १० मा अध्यनरत विद्यार्थीहरुलाई साईबर क्राईम सम्बन्धी सचेतनामुलक कार्यक्रम सन्चालन गरीएको जिल्ला प्रहरी कार्यालय धादिङले जनाएको छ। विद्यार्थीहरुलाई जिल्ला प्रहरी कार्यालय धादिङका ईनिस्पेक्टर रन्जन अवाले साईबर क्राईम भनेको के हो ? साईबर क्राईम गर्दा हुने कानुनी सजाय,यसबाट बच्ने उपाय,वर्तमान अवस्था लगायतको विषयमा विद्यार्थीहरुलाई जानकारी गराउनु भएको थियो।साइबर क्राइम कम्प्युटर तथा कम्प्युटर नेटवर्क प्रयोग गरेर हुने जुनसुकै प्रकारका अपराधहरु हुन । पछिल्लो समय इन्टरनेटको प्रयोग ह्वात्तै बढेर गएको छ । अहिले समाजमा साईबर अपराधका घट्नाहरु बढ्न थालेका छन्। प्रविधिको विकास भएसँगै यस भित्र विभिन्न अपराधहरु हुन थालेको छ।साईबर क्राईम अन्तरगत वेवसाइट तथा इमेल ह्याकिङ, चरित्रहत्या, डाटा चोरी, इन्टरनेटमार्फत ब्ल्याकमेलिङ, इन्टरनेट बैंकिङ जालसाजी, अर्काको पहिचान अनधिकृत रूपमा प्रयोग तथा जालसाजी गर्ने गरेको पाईन्छ । सामाजिक सञ्जालमा प्रविधिको दुरुपयोग गर्दै गरिने मानहानी, ब्लाकमेल लगायतका अपराधका घट्नाहरु बढीरहेको छ ।सबैभन्दा बढी जोखिममा हुने युवायुवतीको लागि सचेतनामुलक कार्यक्रम सन्चालन गरीएको ईनिस्पेक्टर अवाले जानकारी दिनुभयो । समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तरगत विद्यालय स्तरमा गएर कार्यक्रम सन्चालन भईरहेको छ ।

"तपाई लक्ष्य लिएर आउनुहोस् हामी दक्ष बनाउँछौं ।"

कर्णेश्वर मा.वि. (प्राविधिक शिक्षालय)
नीलकण्ठ न.पा.-७, धादिङमा

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

| कार्यक्रमहरू | सिट संख्या |
|---|---|
| डिप्लोमा कृषि विज्ञान (३ वर्ष) | ४० |
| प्रि डिप्लोमा पशु विज्ञान (१८ महिने) | ४० |

आवेदन फाराम भर्ने अन्तिम मिति : २०७९ साउन २६ गते

हाम्रा विशेषताहरू :
- सिटिईभिटीको परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल
- संस्थाको आफ्नै अत्याधुनिक भवन र खेल मैदान भएको
- दक्ष एवं अनुभवी प्रशिक्षकद्वारा अध्यापन गराईने
- स्वच्छ, हरियाली तथा मैत्रीपूर्ण वातावरण भएको
- आधुनिक प्रयोगशालाको व्यवस्था भएको
- लाइब्रेरीको राम्रो व्यवस्था भएको
- अध्ययन पश्चात रोजगारीको लागि पहल गरिने

कार्यक्रममा तपशिलका शर्तमा रही फारम भर्न इच्छुक सबैका लागि सूचित गरिन्छ ।

कृषि बाली विज्ञान (I.Sc. Ag.)
अक्षराङ्कन पद्धतिको हकमा
SEE मा अंग्रेजी, गणित र विज्ञान विषय मध्ये न्यूनतम दुई वटा विषयमा C र एउटामा D+ ग्रेड भए पनि हुने ।
SLC पद्धतिको हकमा
न्यूनतम ४५% प्राप्त भएको हुनुपर्ने ।
१८ महिने VJTA
SEE/SLC को हकमा सबै ग्रेड तथा प्रतिशत प्राप्त गर्नेले पढ्न पाउने

अन्य जानकारीका लागि सम्पर्क
Nilkantha-7, Dhading
9851190735, 9845143052, 9843478943
9860479461
karneshwordhading@gmail.com



देउराली मा.वि. (प्राविधिक शिक्षालय)
नीलकण्ठ-८, ससाहु, धादिङ
(CTEVT बाट सम्बन्धन प्राप्त)

भर्ना खुल्यो
Diploma in Geomatics Engineering
(3 years - 6 semester)

आवश्यक कागजातहरू
1. SLC/TSLC/SEE को लब्धाङ्क पत्रको फोटोकपी
2. SLC/TSLC/SEE को चारित्रिक प्रमाण-पत्रको फोटोकपी
3. नागरिकता वा जन्मदर्ताको फोटोकपी
4. हालसालै खिचेको PP साइजको फोटो

फाराम पाइने स्थान
देउराली माध्यमिक विद्यालय
नीलकण्ठ-८, ससाहु, धादिङ

SLC उत्तीर्ण वा TSLC मा ६८.३३% प्राप्त गरी उत्तीर्ण, SEE मा विज्ञान र गणित विषयमा न्यूनतम C र अंग्रेजी विषयमा D+ ग्रेड प्राप्त गरी उत्तीर्ण।

फाराम वितरण मिति :
२०७९ श्रावण १२ गते देखि
फाराम बुझाउने अन्तिम मिति : २०७९ श्रावण २६ गते कार्यालय समयमा

विस्तृत जानकारीको लागि
प्रधानाध्यापक : ९८४१६५६८२७, संयोजक : ९८४३७९४९३६, व्यवस्थापक : ९८५११२७४५३

## सम्पादकीय ....

### सवारी चलाउँदा ध्यान दिऔं ।

पछिल्ला दिनहरुमा सवारी दुर्घटनाका समाचारहरु आईरहेका छन् । दुइपांग्रे सवारी साधन दुर्घटनाका समाचारहरु अधिक रहेका छन् । चारपांग्रे साना सवारी साधनहरु पनि अधिक दुर्घटना भैरहेका छन् भने ठूला ह्येभ्भी सवारी साधनहरुको दुर्घटनाका दरको गती पनि घटिरहेको छैन ।

ट्राफिक प्रहरी, जनपथ प्रहरी लगायतका सुरक्षा निकायहरुबाट सवारी दुर्घटना न्यूनिकरणका लागि काम भरिरहेका छन् तर, विभिन्न कारणहरु जोडिएर आएकोले दुर्घटनाहरु बढिरहेको अनुमान गरिएको छ ।

सवारी साधन दुर्घटनाका प्रमुख कारणहरु मध्ये सडकको दुरावस्था पनि एक महत्वपूर्ण कारण हो भने मदिरापन लगायतका मादक पदार्थको सेवन, ओभर स्पिड सवारी संचालन लगायतका कारणहरु पनि प्राथमिकीकरणमा केही तलमाथि हुन सक्छ तर, वास्तविकता लाई लुकाउन सकिदैन र हुँदैन पनि । अहिले जतिपनि स्थानमा ठूलो दुर्घटनाहरु देखिएका छन् तिनीहरु मध्ये धैरै दुर्घटना मदिराजन्य कारण भैरहेको अनुमान गरिएको छ, त्यस खालका सवारी दुर्घटनाको संख्या कम भए पनि क्षतिको मुल्याँकन गर्ने हो भने ठूलो दुर्घटना मान्न सकिन्छ ।

किनभने यातायातमा सवार नागरिकहरु मध्ये कति जनाको स्वास्थ्य अवस्था विग्रियो ? वा सवार मध्ये कति जनाको मृत्यू भयो ? वा सवारी साधनमा सवार नागरिकको ज्यान नगएको अवस्थामा पनि सवारी साधनमाथि कति क्षति भएको छ भन्ने विषयमा अनुमान गर्नुपर्ने हुन सक्छ ।

हामीले साना प्रकारका वा ठूला प्रकारका सवारी दुर्घटनाहरु सबैलाई संख्यात्मक रुपमा तुलना गर्ने तरिका जुन छ यसले दुर्घटनाको वास्तविकता निकाल्न नसक्दा यातायात संचालकहरुले पनि अवस्था यस्तो त छ नि भन्ने खालका कमजोर तर्क दिने र यातायात संचालन गर्ने गरेको पाइन्छ ।

यातायात संचालन गर्दा यस्तो त सधैं भैरहेको त छ नि भन्ने खालको तर्क गर्दै मनपरी सवारी संचालन गर्ने र ट्राफिक प्रहरीले रोकेको वा चेक जाँच गरेको बेला नरोकि भाग्ने जस्ता क्रियाकलाप जुन तरिकाले गरिरहेका छौं यो पनि वास्तवमा ठिक छैन । हामी आफैं ठीक छौं भने सवारी साधन अवश्य पनि ठीक रहन जान्छ । सवारी साधनले हामीलाई बोक्ने र दौडाउने होइन, मानिसले नै सवारी साधनलाई गाइड गर्ने र हामी जता जता जानुपर्छ त्यतै त्यतै सवारी साधन लैजाने हो यसकारण पनि सवारी साधनमाथि मानिसको नियन्त्रण रहन्छ भन्ने कुराको आम चालकहरुलाई ज्ञान हुन जरुरी छ ।

सवारी साधन जति पावरवाला छ तयति नै दौडने हो भने अवस्था के आउला ? हामी सवारी चलाउनेहरु कुन अवस्थामा रहौला ? कम्तिमा पनि सामान्य भन्दा सामान्य विषयमा सोच्ने बानीको विकास गरौं । एक ठाउँबाट अर्को ठाउँमा जाँदा ओभरटेक गर्दा कति छिटो पुग्न सकिन्छ र पछि पछि लाग्दा कति मिनेट ढिला पुगिएला हिसाव गरौं । सवारी चलाउँदा सडक, समय र यात्रुहरुको अवस्थाको बारेमा ध्यान दिने बानीको विकास गरौं ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक"** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक


**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


# श्री पशुपतिनाथले आँखा उघारून्



श्रीराम लामिछाने

प्रवासी नेपालीहरू नेपाल फर्कंदा आराध्यदेव पशुपतिनाथको दर्शन नगर्ने शायद कमै होलान् प्रायः फोटो र कहिले त फेसबुक लाइभ र टिकटक समेत बनाउँछन् मूल गेट बाहिरबाट! हामी प्रवासमा बस्नेलाई पनि दर्शन पाउँदा बडो आनन्द आउँछ। हातमा माला, निधारमा टीका, आहा! आफ्नो संस्कृति, रीतिरिवाजको आनन्दै बेग्लै !

तर माला, टीकाले अर्को कुरा पनि स्मरण गराउँछ- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको गमन टर्मिनल! आज विदेसिनुलाई जीवनको सबैभन्दा ठूलो उपलब्धिझैं गरी वैदेशिक रोजगारी, उच्च शिक्षाको लागि या डिभी परेर या पीआर पाएर स्थायी बसाइको लागि जानेहरूलाई खादा, माला लगाई भोज, पार्टी गरी बिदाइ गर्ने लहर छ नेपालमा।

यस पछाडिका रहर, बाध्यता, विवशताको एकतर्फी आकलन गर्नु अन्याय हुन जान्छ, त्यसैले यो लेख सबैप्रति नभएर केही त्यस्ता जमातप्रति केन्द्रित छ जो तामझाम सहित मातृभूमि छोडेर विदेश जानु नै जीवनको सबैभन्दा ठूलो उपलब्धिझैं मान्छन् र जसको राष्ट्रवाद विदेशमा पुगेर उम्लिने गर्छ ! कतिको त उम्लेर सामाजिक सञ्जालमा छताछुल्ल पोखिने पनि गर्छ ! श्री पशुपतिनाथले ती अन्धभक्तहरूको अब आँखा उघारून् ! यही प्रार्थना छ मेरो !

विदेशमा पुगेपछि त्यहाँको विकास, समानता, समावेशिता, विकेन्द्रीकरण र धर्मनिरपेक्षता जस्ता लोकतन्त्रका आधारभूत मूल्यमान्यता देखेपछि हाम्रो देशमा पनि यस्तै विकास भइदिए हुन्थ्यो भन्ने चाहना हुनुपर्ने हो। तर प्रवासमा बसेर पनि केही नेपाली अझै रूढिवादी र संकीर्ण हुँदै गएको देख्दा अचम्म लाग्छ।

संघीयता र विकेन्द्रीकरणको सफल अभ्यास भएका देशको राज्यबाट पाएको सुविधा अन्तर्गत सुपथ मूल्यमा पाएको उच्च गतिको इन्टरनेट चलाई नेपालमा संघीयता खारेजी गरौं भनेर भिडियो बनाएर पोस्ट गर्छन्।यसबाहेक सीधै बाहिर केन्द्रात्मक जहानियाँ शासन चाहियो नभन्ने तर घुमाउरो पाराले राष्ट्रवादका चर्का नारा लगाउने, सत्यतथ्यको विश्लेषण नै नगरी षड्यन्त्रका सिद्धान्त र फेक न्युज फैल्याउँदै बसेको देख्दा उदेक लाग्छ।

आफैं नागरिकता त्यागेर विदेश बसेकाले आफैंलाई 'राष्ट्रवादी' र नेपालमै बसेर अलि प्रगतिशील कुरा गर्नेलाई 'राष्ट्रघाती' र 'विदेशी एजेन्ट' भनेर सामाजिक सञ्जालमा कुर्लने यी पक्कै पुरातन सोचका अवशेष होलान् ? यी स्वघोषित देश (राज) भक्तहरू कहिले भ्रष्टाचार विरोधी त कहिले आफू मात्र धर्म संस्कृतिको संरक्षक भएको दाबी गर्छन्।

आश्चर्यको कुरा त के छ भने यी 'राष्ट्रवादी' संसारमा धैरै सफल, समृद्ध देशमा स्थापित धर्मनिरपेक्षता (पन्थ निरपेक्षता), समावेशिता, विकेन्द्रीकरण र संघीयता जस्ता लोकतन्त्रका आधारभूत मूल्यमान्यता विरोधी पनि हुन्छन् । कहिले 'विचारभन्दा माथि देश' भन्ने अर्काको निजी विचार शेयर गर्दै बस्छन् त कहिले आफैं बाहिर बसेर हामीमाथि बाह्य शक्ति हाबी हुने डर छ भन्दै त्यसको समाधानमा एकल केन्द्रात्मक ताना शाही शासन नै चाहिन्छ भन्छन्। यी डेट एक्स्पायर्ड विचारलाई मूलधारका मिडियाले त स्थान दिँदैनन्। तर,सामाजिक सञ्जाल पश्चिममै बस्ने पश्चगामीहरूको बसिबियाँलो बनेको छ।

उता नेपालका साथीभाइ, परिवार, छरछिमेकीलाई त लाग्दो हो, यिनीहरू त ठाउँमा पुगे, पढे-लेखे, व्यापार-व्यवसाय पनि गरेका छन्, राम्रा ओहोदामा पनि पुगे, पक्कै पनि देखेरै बुझेरै भनेका होलान्। यस्तै सोचेर लाईक, कमेन्ट गर्छन्।अनि यी 'बर्मा पुगेर पनि कर्म सँगै लगेका' पुरातन चेत नगएका प्रवासी नेपाली सोसल मिडियाका आफ्नो कुरा अरूले मन पराएको भ्रममा पर्छन्। नेपाली जनताले अग्रगामी निकास र अवस्था परिवर्तन चाहेको स्पष्ट सन्देश गएको स्थानीय निर्वाचनले दिएको छ।

तर कति अन्धभक्तहरूले यसलाई पनि देखेका छैनन्! श्री पशुपतिनाथले अब त यिनको आँखा उघारून् ! यही प्रार्थना छ मेरो !अर्को कुरा प्रवासमा बसेर वास्तविक शैक्षिक, बौद्धिक पेशाहरूमा सफलता पाएर नेपालको वास्तविक नाम उँचो गरेका प्रगतिशील सोच भएका नेपालीहरूलाई यिनीहरू जस्तो दिनरात विदेशमा बसेर देशको व्यवस्थालाई सराप्दै बस्ने फुर्सद हुँदैन। नयाँ पुस्तासँग घुलमिल हुन नसक्ने बाँकी यी रूढिवादी सोच भएकाहरू आफ्नो व्यक्तिगत पहिचान बनाउन नेपाल रहँदा गरेको क्याम्पस राजनीति, युनियन राजनीतिलाई आधार बनाउँदै आ-आफ्नै संकीर्ण साना-साना समूह बनाएर बसेका हुन्छन्। न यी नेपाली मूलका सफल बौद्धिक समाजमा नै आवद्ध हुन्छन् न त देश अनुसारको भेष नै सिक्छन्। यस्ता सोच भएका प्रवासी नेपालीको प्रायः आफ्नै विदेशमा हुर्किएका छोराछोरीसँग पनि विचार मिल्दैन।

यो सब हीनताबोध कम गर्न नेपालबाट आफन्त, मित्रहरूले गरेका नक्कली लाईक, कमेन्टलाई नै आफ्नो 'डेट एक्स्पायर्ड' सोचको स्वीकार्यता बढेको भन्ने भ्रममा रमाउँछन्! हे पशुपतिनाथ २०२२ एडीमा यिनलाई २०२२ वि.सं.को चेतना कसरी दिनुभयो प्रभु?

केही समूह यस्तो पनि छ, जो उच्च शिक्षा, रोजगारी, भ्रमणका लागि केही समय विदेश बसेर फर्केका हुन्छन्। अचम्म त के लाग्छ भने यिनीहरूले पनि आफू विदेश बसुन्जेलको समय के सिक्छन्? के बुझ्छन्? शायद आफू जस्तै २-४ जना साँघुरो चित्त र चिन्तन भएका व्यक्तिको घेरा र दायराबाट बाहिर देख्नै सक्दैनन्, निस्किनै सक्दैनन् या त देख्ने- निस्किनै चाहँदैनन्!अनि जब तिनै देश फर्किन्छन्, आफूलाई धैरै जानेको सुनेको देखाउन पछि पर्दैनन्, बारम्बार आफूले गरेको त्याग (पद, पैसा, पीआर आदि) गनाउन थाल्छन्, आफूलाई इलिट वर्ग साबित गर्न थाल्छन्। यहीबाट त सुरु हुन्छ म श्रेष्ठ, म माथि, म मसिहा हुँ भन्ने भ्रम!

यिनीहरूको हेर्ने आँखा पनि अचम्मको छ, यिनीहरूले पनि धर्मनिरपेक्षता, संघीयता, सैद्धान्तिक रूपमा खराब छ भन्ने मान्दैनन्, छैन पनि भन्छन् तर जोड्छन् अनि स्थलगत नियत, प्रभाव र असरसँग, आयातित, पर्दा पछाडिको खेलसँग, नेपालको भौगोलिक अवस्थासँग, नत्र सार्वभौमिकता तथा अखण्डता जस्ता कडा शब्द त छँदैछन् ।

आउनुहोस् व्यवस्था सुधारौं, नागरिकको अवस्था परिवर्तन गरौं भन्न सक्दैनन्, गणतन्त्रको सुदृढीकरण, सङ्घीयतामा आवश्यक सुधार गरौं भन्न सक्दैनन्, संस्कृति, परम्परालाई सम्मान गर्दै, बचाउँदै, प्रलोभनको आधारमा हुने धर्म परिवर्तनलाई कडा कानुनको दायरामा ल्याउने व्यवस्थासहितको धर्मनिरपेक्षताको रक्षा गरौं भन्न सक्दैनन्, अब यिनीहरूको आँखा श्री पशुपतिनाथ बाहेक अरूले खोल्न गाह्रो छ !आज देश समृद्ध नहुनुमा व्यवस्थाको दोष हैन, व्यवस्थापनको हो ! हजारौं जनताको बलिदानले आएको उपलब्धिलाई आज संघीय लोकतान्त्रिक गणतन्त्रमा २-४ पात्रको भ्रष्टता र अक्षमतालाई हेरी व्यवस्था ठिक भएन भन्ने बेला आइसकेको छैन। समस्या पात्रको हो, प्रणालीको हैन। राष्ट्रवादलाई खोप अनि धर्मको राजनीतिलाई बुस्टर डोज भनेर प्रचार गर्ने दक्षिणपन्थीहरू यदि आउँदो निर्वाचनहरूमा घर दैलोमा आए भने प्रश्न गरौं कि भ्रष्टाचार रोक्न कुन साम्राज्यवादले रोक्यो ? शिक्षा सुधार गर्न कुन विदेशी शक्तिले छेक्यो ? तिम्रो पश्चगामी नाराले स्वदेशमै रोजगार कसरी बढाउँछ ? जहाँ जहाँ निरङ्कुश, जहानियाँ शासन लामो समय मौलाउँछ, त्यहाँ नातावाद, कृपावादले प्रश्रय पाउँछ। केही व्यक्ति, परिवार र आसेपासेको राज हुन्छ। जनतामाझ गरिबी र निराशा मात्रै बढ्दै जान्छ। जनताका दैनिक जीवनस्तरमा सुधार ल्याउन नसकेपछि उनीहरूको ध्यान भड्काउन उग्र राष्ट्रवादका नारा लाग्छन्, धर्मको राजनीति मौलाउँछ र अल्पसङ्ख्यकहरू र आम नागरिकमाथि अत्याचार हुन्छ। जनताको विरोधका आवाज दबाउन वाक् स्वतन्त्रतामा अङ्कुश लाग्छ।मिडियालाई सके किनिन्छ, नसके धम्क्याउने काम हुन्छ। जनता सडकमा नै उत्रिए राज्यसत्ता र निरङ्कुश सेनाको आडमा दमन गरिन्छ। यस्तो गृहयुद्ध र अलोकतान्त्रिक सरकार भएका देशहरूको आफ्ना छिमेकी देशहरूसँग तनाव सिर्जना हुन्छ। पर्यटन र विदेशी लगानीमा ह्रास आउँछ।

आमजनताको अवहेलनाले कुनै देश समृद्ध बन्न सक्दैन। रुस, म्यानमार, पाकिस्तान र अहिले श्रीलङ्काको अर्थ-राजनैतिक सङ्ट उग्र राष्ट्रवाद, धर्मको राजनीति, अल्पसङ्ख्यक अनि आम नागरिकमाथि राज्यसत्ताको अत्याचार जस्ता उग्र दक्षिणपन्थी राजनीतिको एकमुष्ट परिणाम हो।के हामी पनि श्रीलङ्का बन्ने मार्गमा छौं ? श्रीलङ्काको संकट रातारात आएको हैन। त्यस्तै रुस, म्यानमार, अफगानिस्तान, पाकिस्तान जस्ता देशहरूको आर्थिक-राजनैतिक सङ्ट कसरी गहिरियो त ?

यसमा मुख्य कारण हो लोकतन्त्रको क्षयीकरण।यी सबै देशको शासकीय प्रणालीलाई राजनैतिक स्थिरता र आर्थिक प्रगतिका साथै मानवीय विकास सूचकाङ्कमा अग्रणी स्थानमा रहेका नर्डिक ( फिनल्यान्ड, नर्वे) या न्युजिल्यान्ड या लोकतन्त्र र समावेशितालाई उच्च कदर गर्ने क्यानडा जस्ता देशहरूसँग तुलना गर्दा समृद्धिका केही अनिवार्य शर्तहरू लोकतन्त्र, उदारता र सामाजिक न्याय उजागर हुन्छन्। यी डेट एक्स्पायर्ड विचारलाई मूलधारका मिडियाले त स्थान दिँदैनन्। तर, सामाजिक सञ्जाल पश्चिममै बस्ने पश्चगामीहरूको बसिबियाँलो **बाँकी पृष्ठ ४ मा**


**असन्तुलित खानपान तथा जीवनशैलीका कारण**

➤ मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात, विभिन्न प्रकारका क्यान्सर, ढाड दुख्ने, अलजाइमर्स, श्वासप्रश्वास, मानसिक/उदासिनता जस्ता रोग हुन सक्दछन्।

**यस्ता रोगबाट बच्न;**

➤ सन्तुलित र स्वस्थ खाना खाने,
➤ शारीरिक क्रियाकलापमा सक्रिय रहने,
➤ मदिरा, सुर्ती तथा सुर्तिजन्य वस्तुको उपभोग नगर्ने,
➤ काम गर्दा सही तरिका र आसनको प्रयोग गर्ने,
➤ प्रशस्तमात्रामा पानी पिउने,
➤ तनावको उचित व्यवस्थापन गर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विप्लव समूहका नेताविरुद्ध जारी पक्राउ पुर्जीप्रति एमाले र माओवादीको आपत्ति

नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाका नेताहरुविरुद्ध पक्राउ पुर्जी जारी गरिएकोप्रति एमाले र माओवादी केन्द्रका सांसदहरुले आपत्ति जनाएका छन्।

मंगलबार बसेको प्रतिनिधिसभा बैठकमा एमाले र माओवादी केन्द्रका सांसदहरुले विप्लव समूहका नेताविरुद्ध जारी पक्राउ पुर्जीप्रति आपत्ति जनाएका हुन् । ललितपुर जिल्ला अदालतले सोमबार सार्वजनिक सूजना जारी गर्दै नेकपा महासचिव विप्लव, प्रवक्ता खड्गबहादुर विक तथा मेहन्तप्रकाश वली, मोहनबहादुर कार्कीसहित ३५ जनाविरूद्ध हातहतियार तथा खरखजाना, साङ्गठनिक अपराध र आपराधिक लाभ, विस्फोट गराई कर्तव्य ज्यान तथा राज्य विरुद्धको अपराध र विस्फोटक पदार्थसम्बन्धी मुद्दामा पक्राउ पुर्जी जारी गरेको थियो ।

सोही विषयलाई लिएर मंगलबार बसेको प्रतिनिधिसभा बैठकमा विशेष समय लिएर एमाले प्रमुख सचेतक विशाल भट्टराईले उनीहरुविरुद्ध जारी पक्राउ पुर्जी फिर्ता लिन माग गरे। तत्कालीन ओली सरकारले सहमतिमार्फत विद्रोहमा रहेको नेकपालाई शान्तिपूर्ण राजनीतिमा ल्याएको भन्दै उनले उक्त सहमति पालना गर्दै उनीहरुविरुद्ध जारी भएको पक्राउ पुर्जी फिर्ता लिन माग गरे । कारबाहीको नाममा विप्लव समूहलाई



फेरि हिंसा पठाउन नहुने भन्दै प्रमुख सचेतक भट्टराईले पक्राउ पुर्जी फिर्ता लिन माग गरे । एमालेसँगै माओवादी केन्द्रका सांसदहरुले पनि विप्लव समूहका नेताविरुद्ध जारी पक्राउ पुर्जीप्रति आपत्ति जनाएका छन् । संसद बैठकमा विशेष समय लिएर माओवादी केन्द्रका सांसद अमनलाल मोदीले विप्लव समूहका नेताहरुविरुद्ध जारी पक्राउ पुर्जी फिर्ता लिन माग गरे ।

तत्कालीन ओली सरकार र विप्लव समूहबीच भएको सहमति कार्यान्वयन गर्दै उनीहरुविरुद्ध जारी पक्राउ पुर्जी फिर्ता लिनुपर्ने मोदीको भनाइ छ । सोही बैठकको शून्य समयमा माओवादी केन्द्रकी सांसद यशोदा गुरुङ सुवेदीले तत्कालीन सरकार र विप्लव समूहबीच भएको तीन बुँदे सहमति कार्यान्वयन गर्दै उनीहरुविरुद्ध जारी पक्राउ पुर्जी फिर्ता लिन माग गरिन् । सरकारले तीन बुँदे सहमति तोडेको हो भन्दै प्रश्न गरेकी उनले नेकपालाई फेरि विद्रोहमा जानबाट रोक्नुपर्ने बताइन् ।

## जापानमा नेपाल फेस्टिबल

जापानमा नेपाल फेस्टिबल मनाइएको छ । कोभिड महामारीको चुनौतीकाबीच नेपाली भेषभूषा, नाचगान, मौलिक परिकारका साथ उत्सवका रुपमा नेपाल फेस्टिबल मनाइएको हो । राजधानी टोकियोको नाकानो शहरमा आयोजित फेस्टिवल यहाँ रहेको नेपाली दूतावास र गैरआवासीय नेपाली संघ (एनआरएनए) को संयुक्त आयोजनामा सम्पन्न भएको हो ।

फेस्टिवललाई सफल बनाउन जापानको सरकारी स्तरबाट साथ र सहयोग जुटेको थियो। फेस्टिवल उद्घाटन नेपालको राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमल्सिना गरेका थिए । उद्घाटन समारोहमा जापानको परराष्ट्र मन्त्रालयका सहसचिव स्तरका कर्मचारी र फेस्टिवल आयोजना स्थल नाकानो शहरका मेयरको समेत सहभागिता थियो । यस्तै फेस्टिवलमा टोकियोमा रहेका आधा दर्जन विदेशी नियोगका प्रतिनिधिहरु सहभागी थिए ।

फेस्टिवलमा नेपालको पर्यटन, मौलिक कला संस्कृति, सांस्कृतिक चिनारीका झाँकी, बाजागाजा, नृत्य, पोशाक खाना परिकारहरु प्रर्दशन गरिएका थिए। फेस्टिबलमा झण्डै दुई दर्जन नेपाली व्यवासायीको स्टल राखिएको थियो। फेस्टिबल अवधिभर निशुल्क स्वास्थ्य परामर्श शिविर समेत राखिएको थियो । राजधानी टोकियो र आसपासका प्रान्तसहित सबैभन्दा टाढाको ओकिनावा, होक्काइदोबाट समेत नेपालीहरु



फेस्टिबलमा सहभागी भएका थिए। झण्डै १ लाखले फेस्टिबलको अवलोकन गरेको बताइएको छ।नेपाली बाहेक जापानी, बेलायती, अमेरिकी, भारतीय, श्रीलंकन, भियतनामी, चिनियाँ, अफ्रिकन तथा युरोपियन देशका जापानमा बस्ने दर्जनौं विदेशीहरुले फेस्टिबलको अवलोकन गरेका थिए। नेपालको भौगोलिक विविधता, कला संस्कृति, रितिरिवाजको प्रचार-प्रसार गर्ने उद्देश्यले जापानमा हरेक वर्ष नेपाल फेस्टिबल आयोजना गरिन्छ।

## पहिरोपीडित परिवारलाई राहतको व्यवस्था गर्न सांसदहरुको माग

प्रतिनिधिसभाको मंगलबारको वैठकमा सांसदहरुले देशका विभिन्न क्षेत्रमा भएको पहिरापीडित परिवारलाई राहतको व्यवस्था गर्नुपर्ने माग गरेका छन् । शून्य समयमा सांसद भूपेन्द्रबहादुर थापाले दुई दिनको अविरल वर्षाका कारण म्याग्दी जिल्लाका विभिन्न स्थानमा पहिरामा परी बेपत्ता भएका परिवारको खोजी गर्न सरकारको ध्यानाकर्षण गराए ।

उनले पहिरोपीडितलाई तत्काल राहत र पुन:स्थापना गर्नुपर्ने मागसमेत गरे । म्याग्दी जिल्लामा दलित समुदायको बस्ती अत्यन्त जोखिममा रहेको बताउँदै उनले ती बस्तीलाई अन्यत्र स्थानान्तर गर्नसमेत माग गरे । सांसद रामबहादुर विष्टले अछाम जिल्लाका विभिन्न स्थानमा अविरल वर्षाका कारण पहिरो आउँदा मानवीय र भौतिक क्षति भएको बताउँदै पहिरापीडित परिवारलाई तत्काल राहतको व्यवस्था गर्नुपर्ने माग



गरे । महेन्द्रकुमारी लिम्बूले प्रदेश १ को खोटाङ जिल्लालाई केन्द्रविन्दु बनाएर यही साउन १५ गते गएको भूकम्पका कारण भौतिक क्षति भएको बताउँदै उचित राहत र क्षतिपूर्तिको माग गरे । सांसद महेश बस्नेतले मुलुकमा महँगी, भ्रष्टाचार, हत्या, हिंसाका घटना बढ्दै गएकोप्रति सरकारको ध्यानाकर्षण गराए।

सांसद मीनबहादुर विश्वकर्माले बिजुलीबजार स्थित नेपाल चक्रवर्ती हवी कलेजमा शुल्क वृद्धिको विरोधमा गरिएको धर्नाका क्रममा नेपाल विद्यार्थी सङ्घका नेताहरुमाथि प्रहरीले आक्रमण गरी घाइते बनाएको भन्दै आपत्ति जनाए ।

सांसदद्वय रङ्गमती शाही र मीना सुब्बाले सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीबीच विभेद गर्न नहुने भन्दै शिक्षामा सबै विद्यार्थीको समान पहुँचको माग गरे । सांसद मोहन बाँनियाले कर्णाली करिडोरलाई द्रूत गतिमा अगाडि बढाउन आग्रह गरे। सांसद मोहनप्रसाद पाण्डेले पाल्पाका विभिन्न स्थानमा सडक निर्माण कार्यलाई जतिसक्दो चाँडो अगाडि बढाउन सरकारको ध्यानाकर्षण गराए ।

सांसद यशोधा गुरुङ सुवेदीले नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा माओवादी र सरकारबीच भएको तीनबुँदे सहमति कार्यान्वयनका निम्ति सरकारको ध्यानाकर्षण गराए। सांसद रामवीर मानन्धरले संसद्मा शून्य समयमा सांसदहरुले बोलेका विषय कार्यान्वयन हुनुपर्छ भने । सांसद रेणुका गुरुङले आफूमाथि असुरक्षा बढ्दै गएको भन्दै सरकारसँग सुरक्षाको माग गरे ।


# त्रिपुरासुन्दरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सल्यान्टार, धादिङ
बागमती प्रदेश नेपाल

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रतिवेदन तयारी सम्वन्धी सार्वजनिक सूचना !**

(प्रथम पटक प्रकाशित मिति: २०७९/०४/१८)

**वागमती प्रदेश अन्तर्गत पर्ने धादिङ जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | धादिंग जिल्ला, त्रिपुरासुन्दरी गाउँपालिका सल्यानटार, धादिङ |
| प्रस्तावकको व्यहोरा | धादिङ जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिका स्थित आँखु खोला, बुढिगण्डकी खोला, कास्टे खोला र मन्पाङ्ग खोलाका विभिन्न क्षेत्रहरुबाट दिगो र वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा उत्खनन तथा संकलन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण |
| प्रभाव पर्न सक्ने जिल्ला, गा.पा/ वडा | त्रिपुरासुन्दरी गाउँपालिका - १, २, ३, ४, ६ र ७ |

**माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गा. पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।**

**राय सुझावको लागी पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री त्रिपुरासुन्दरी गाउँपालिकाको कार्यालय<br>सल्यानटार, धादिंग<br>फोन : ९८५११००५१०, ९८५११४७७४८<br>ईमेल : tripurasundaridhading@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | श्री साकुरा ईन्जिनीयरिङ्ग सोलुसन प्रा.ली.<br>कलंकी, काठमाण्डौ, नेपाल<br>फोन: ९८५११९७९०७<br>ईमेल : sakura.engineering021@gmail.com |

# श्री पशुपतिनाथले आँखा उघारून्...................

बनेको छ। देशलाई हेर्दा, तुलना गर्दा भौगोलिक क्षेत्र र आकार मात्र हैन त्यहाँको जनसङ्ख्या र ती देशवासीको दैनिक सुविधा र व्यवस्थापनलाई पनि मनन गर्नुपर्ने हुन्छ ! आज क्यानडा, अस्ट्रेलियामा पनि हेड त रानी नै हो भन्दै गर्दा यो पनि नभुलौं हामी विकास, मानवीय संस्कार, स्वराज्य र सुशासनमा कति वर्ष पछाडि छौं ! कमसेकम एकपटक विदेश देखेकाले त यो बुझ्नुपर्ने हो ! तर आँखा छोपेको खोक्रो घमन्डको पट्टीले सगरमाथा र बुद्ध बाहेक केही देख्दैन ! बाँकी किन चाहियो हैन ?

नेपालको राजनैतिक घटनाक्रमले हाम्रो देशको सम्भ्रान्त वर्गमा अझै गहिरो छाप छोडेको छ। एक वर्ग, जसले हिजोको दमनकारी राज्य सत्ताबाट केही प्रत्यक्ष/परोक्ष लाभ भएको थियो, उसलाई राज्य सत्तावालको चाकरी मात्रै गरेर या सीमान्तकृत वर्गको शोषण गरेर पुस्तौंदेखि मिल्दै आएका सुविधाहरू २०४६/४७ अनि २०६२/६३ का जनआन्दोलनले गुमेको महसुस हुनु स्वाभाविक हो। कतिलाई त त्यो जनलहरले पदच्युत गऱ्यो त केही प्रसङ्गमा कतिका आफन्त 'कारबाही' मा पनि परे।

२०६२/६३ ताका यी सब विरुद्ध खुलेर बोल्ने अवस्था थिएन र त्यसपछि एउटा सम्भ्रान्त वर्गका केही नेपाली चल-अचल सम्पत्ति 'देखाएर' या अन्य कुनै बाटोबाट विदेश पनि पसे। २०७२ को संविधानले अझै बढी अभिव्यक्तिको स्वतन्त्रता दियो र सँगसँगै सामाजिक संजालको प्रयोग पनि बढ्यो। अलि पैसा हुने तर सीमान्तकृत वर्गले पाएको समावेशिताप्रति अनुदार वर्गले धर्मनिरपेक्षता (पन्थ निरपेक्षता) र संघीयता विरुद्ध युट्युब, फेसबुक पेज इत्यादि मार्फत भ्रामक समाचार, पूर्वाग्रही विचार सम्प्रेषण गर्न थाले।

आलोचनात्मक चेत नभएका र के सही हो, के षड्यन्त्रको सिद्धान्त हो भन्ने छुटाउन नसक्ने संकीर्ण सोच भएका नेपालीले यस्ता भ्रामक र पूर्वाग्रही सामग्रीमा आफ्नो अचेतन मनमा लुकेर बसेको संकीर्णता उजागर भएको झैं महसुस गरे र यस्तै सामग्री साझा गर्न थाले। सामाजिक संजालका अल्गोरिदमले जस्तो विषयवस्तु हेऱ्यो त्यस्तै सामग्री अझै धेरै न्युज फिडमा पठाउने हुनाले यस्ता सामग्रीलाई विना प्रश्न हेर्ने, शेयर गर्नेले झन् त्यस्तै संकीर्ण सामग्री देख्दै जान्छन् र कालान्तरमा भ्रमको भुमरीमा फस्छन्।

संसारभरका दक्षिणपन्थी, उग्रवादी संगठन हरूले प्रयोग गर्ने रणनीति पनि यही हो। तर दुर्भाग्य यस्तो सङ्कीर्णताको प्रचारले राष्ट्रवाद भन्दा पनि अन्धभक्ति र रुढिवादलाई बढी प्रश्रय दिन्छ। राष्ट्रवादको परिभाषा आम जनताको हित, स्वास्थ्य, शिक्षाको सबलीकरण भन्दा पनि एकल धर्म र केन्द्रात्मक राज्य प्रणालीको पक्षपोषण हुन जान्छ। अनि यो विचार शून्य मगजमा 'विचार भन्दा माथि देश, देश माथि श्रीपेच' जस्ता नाराहरूको सिर्जना हुन्छ। अरूभन्दा हाम्रो धर्म, जात, वर्ग, छालाको रङ श्रेष्ठ हो भन्ने भावले समाजमा न एकता ल्याउँछ, न समृद्धि। दक्षिणपन्थले समाज रूढिवाद र अतिवादतिर धकेलिदिन्छ। धर्म, जाति र क्षेत्रीयताको नाममा राजनीति गर्नेहरूको इतिहास लामो छ। धर्मको नाममा विभाजित भारत, पाकिस्तान होस् या धर्मको नाममा लडिरहने इजरायल-प्यालेस्टाइन जस्ता क्षेत्रहरूमा शान्ति स्थापना गर्न मुस्किल छ। भ्रष्टाचारी एक पुस्ताको समृद्धिका बाधक हुन्छन्। तर, केन्द्रात्मक एकल राज्यको वकालत धर्मको राजनीति गर्नेले वर्तमान पुस्तालाई उद्वेलित बनाउँदै देशको भविष्यमाथि नै खेलबाड गरिरहेका हुन्छन्। पश्चगामीहरू हरियो घाँसमा लुकेका हरेउ सर्प जस्तै हुन्। अनेकतामा एकता र आ-आफ्नै स्वतन्त्र बालिग मताधिकार प्रयोग गर्नु नै गणतन्त्र नेपालका जनताको स्वधर्म हो। लामो सङ्घर्षपछि उपलब्ध भएको लोकतन्त्रको रक्षा हामीले गर्न सके मात्रै लोकतन्त्रले पनि हाम्रो स्वतन्त्रताको रक्षा गर्न सक्छ। नेपालका सबै राजनीतिक दलका नेताले आफ्नो कुर्सी टिकाइरहन अहिले दिल्ली दरबारमा धर्म नीतिमा आएको परिवर्तनलाई रिझाउने प्रयास गरिरहेका छन्।

साँचो राष्ट्रवाद देश प्रेम हो, स्वावलम्बन हो र जनतामा निहित सार्वभौमसत्ता हो। देश प्रेम र दक्षिणपन्थी, पश्चगमन, जाति र धर्मको कुरूप राजनीतिमा आकाश-पातालको अन्तर छ। धर्मनिरपेक्षताको तात्त्विक अर्थ राज्यले कुनै एक धर्मको रक्षा र प्रवर्धन नगरी सबै धर्मलाई समान संरक्षण गर्नु हो, अनि एउटा धर्मले प्रलोभन, भय र बाध्यतामा पारेर अरूलाई धर्म परिवर्तन गराउन नपाउनु पनि हो,जुन अधिकार वर्तमान संविधानले सुनिश्चित गरेको छ। नर्डिक (फिनल्यान्ड, स्विडेन, नर्वे) या न्युजिल्यान्ड, क्यानडा जस्ता मानवीय विकासमा अब्बल रहेका देशहरूसँग तुलना गर्दा पनि नेपालको समृद्धि र सर्वाङ्गीण विकास पनि खुला र प्रगतिशील समाजबाट मात्र सम्भव छ। जहानियाँ अधिनायकवाददेखि जनयुद्धसम्म एकै पुस्तामा देखेर भोगेका जनता पश्चगमन या दमन दुवै स्विकार्ने पक्षमा छैनन्।

नेपालमा खुला र अग्रगामी समाज सर्वाङ्गीण विकासको न्यूनतम आवश्यकता हो। आफ्नो सत्ता हासिल गर्न या आफ्नो नाता कृपावादी दलाल पुँजीवादी शासन चलाइराख्न खोक्रो राष्ट्रवादका नारा लगाउने छद्मभेषी पश्चगामीहरूको समयमै पहिचान गरौं।

आफूलाई पुनरुत्थानवादी र राजावादी ठान्नेहरूले स्मरण गर्न जरुरी छ : लोकतन्त्रको विकल्प अझै उन्नत लोकतन्त्र हो, कसैले स्थापित गरिदिने पश्चगामी व्यवस्था होइन। यदि हामी केही अवसरवादी समूहको सत्ताका लागि राष्ट्रिय अखण्डता, जनतामा निहित सार्वभौमसत्ता र धार्मिक सहिष्णुतामा आँच आउने कदमको समर्थन गर्छौं भने त्यो वास्तविक आत्मसम्मान बेची परधर्म अँगाल्नु हुनेछ। राष्ट्रिय अखण्डता, सहिष्णुता र स्वाभिमान नै अहिले सबै नेपालीको स्वधर्म हो। गीतामा भनिएझैं यसको जगेर्ना गर्नु नै श्रेयस्कर छ।स्वधर्मे निधनं श्रेयः परधर्मो भयावह अर्थात् अरूको कठपुतली भएर बाँच्नुभन्दा स्वतन्त्र मर्नु नै श्रेयस्कर हो। जय देश ! श्री पशुपतिनाथले अन्धभक्तहरूको बेलामै आँखा उघारून् !-अनलाईनखबर

# क्यारेम खेल प्रतियोगिताका लागि राष्ट्रिय खेलाडीहरु छनोट

नेपालमा पहिलोपटक क्यारेम खेललाई राष्ट्रिय स्तरमा आधिकारिकता प्रदान गरिएको छ । अल नेपाल क्यारेम एसोसिएशनले राष्ट्रिय खेलाडीहरु छनोट गर्ने क्रममा आयोजना गरेको प्रतियोगितामा अशोक तामाङ प्रथम, सिषेश ढकाल द्वितीय, करण मगर तृतीय र कबिन सुनुवारलाई सान्त्वना पुस्कस्कार प्रदान गरिएको थियो । पुरस्कृत खेलाडीहरुलाई क्रमशः रु ५० हजार, रु २५ हजार, रु १५ हजार र रु १० हजार नगद रकम पनि प्रदान गरिएको थियो ।

प्रतियोगितामा भाग लिएका राष्ट्रिय स्तरका ८० प्रतिस्पर्धीमध्ये शेराज अंसारी र क्रान्ति रावललाई पनि सम्मानित गरिएको एसोसिएशनले जनाएको छ । आगामी अक्टोबरमा मलेसियामा हुन गइरहेको विश्व कप क्यारेम खेल प्रतियोगितामा नेपालको प्रतिनिधित्व हुने गरी राष्ट्रिय स्तरका छदेखि नौजनासम्म खेलाडीलाई पठाउने तयारी थालिएको एसोसिएशनका सल्लाहकार निलेश अधिकारीले जानकारी दिनुभयो । सो अवसरमा युवा तथा खेलकुद मन्त्री महेश्वरजङ्ग गहतराजले यस्ता प्रतियोगिताहरुले राष्ट्रिय पहिचानलाई अन्तर्राष्ट्रिय जगत्मा विस्तार गर्न सहयोग पुग्ने बताउँदै पर्यटन प्रवर्द्धनमा खेल पर्यटनको महत्वपूर्ण योगदान रहने उल्लेख गर्नुभयो ।

कार्यक्रममा विश्व कप क्यारेम एसोसिएशनका महासचिव विवेक देशनारायण, बङ्गाल स्टेट सिलगुडी भारतका राष्ट्रिय खेलाडी दुर्जेय धोश, डिस्टिक क्यारेम एसोसिएशन पश्चिम बङ्गालका सचिव सञ्जीव धोस लगायतले विश्व कपमा नेपालले उत्कृष्ट नतिजा ल्याउने विश्वास व्यक्त गर्नुभयो । अल नेपाल क्यारेम एसोसिएशनकी अध्यक्ष विनिता अर्यालले विश्व कपमा सहभागी हुने नेपाली खेलाडीलाई बधाई तथा शुभकामना दिनुभयो ।

# आयातकर्तालाई १० करोड जरिवाना

दुबईबाट खाद्यन्न सामग्री (मुङको दाल) भनेर ल्याइएको कन्टेनरमा विदेशी ब्रान्डका चुरोट बरामद भएको घटना प्रकरणमा भन्सार कार्यालयले आयातकर्ता कम्पनी कालिका इन्टरप्राइजेज प्रालिलाई रु १० करोड ७२ लाख जरिवाना तोकेको छ । दुबईबाट भारतसम्म पानी जहाजमा र भारतको कोलकोत्ताबाट रेलमार्ग हुँदै मुङको दाल भनेर सुक्खा बन्दरगाहमा वीरगञ्जसम्म ल्याइएको (जीइएसयू ५०४८८०३४५ जी१) नम्बरको कन्टेनरमा गत जेठ १३ मा शङ्का लागि जाँच गर्दा उक्त ठूलो परिमाणमा विदेशी ब्रान्डको चुरोट फेला परेको थियो ।




दालको कन्टेनरभित्र चुरोट आयात गर्ने कम्पनी काठमाडौँ टोखाको कालिका इन्टरप्राइजेज प्रालिका सञ्चालक काठमाडौँ टोखाका नवराज गिरीलाई भन्सार ऐन अनुसार नक्कली मालसामान घोषणा गरेबापत बिगो जरिवाना रु रु १० करोड ७२ लाख जरिवाना तोकिएको भन्सार कार्यालयका सूचना अधिकारी सन्तोष न्यौपानेले जानकारी दिनुभयो ।

कन्टेनर जाँच्दा २६ हजार छ सय दश किलो दाल घोषणा गरिएको कन्टेनरमा १४ हजार आठ सय २५ किलो मात्र दाल थियो । यसबाहेक ५८ लाख ३८ हजार चार सय खिल्लीका चार सय कार्टुन विदेशी चुरोट भएको फेला परेको थियो । उक्त बिगो जरिवाना बापतको रकम तिरेपछि सो कम्पनीले माल लैजान पाउने कार्यालयले जनाएको छ । अन्यथा कानुन बमोजिम कारबाही प्रक्रिया अघि बढ्नेछ । कार्यालयका अनुसार बन्दरगाह नाकामा विभिन्न मालसामान भित्र्याउने तीन वटा फरक-फरक रङ्गो लेन हुन्छ । उक्त कन्टेनर पहेँलो लेनबाट आएको थियो । कन्टेनरको अगाडि र पछाडिको भागमा मुङ दालको बोरा र बीचमा भने चुरोटका कार्टुन राखेको भेटिएको थियो । कन्टेनरबाट इन्डोनेसियन ब्रान्ड गुडाङ गरम र बेलायती ब्रान्ड मोन्ड भेरियन्सका चुरोट फेला परेको थियो । भन्सार ऐनको दफा ५७ अनुसार घोषणा गरिएको वस्तु र परिमाण फरक भेटिएकोले नियमानुसार बिगो जरिवाना गरिएको र नियमानुसार कारबाही प्रक्रिया अघि बढाइएको कार्यालयका अनुसन्धान अधिकृत भूपेन्द्र कार्कीले जानकारी दिनुभयो ।

यसरी जरिवाना गरिएपछि भन्सार कार्यालयले कम्पनी सञ्चालक गिरी (धादिङ ) र भन्सार एजेन्ट नीरञ्जन घिमिरे (मकवानपुर) लाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालय पर्सालाई पत्राचार गरिसकेको छ । उनीहरुलाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालयमा लेखिपठाइएको पर्साका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक प्रल्हाद कार्कीले जानकारी दिनुभयो ।

प्रो. देबराज अछामी
मो. (९८६६०७७७९६,९८१३२७८१७८)
अछामी ईलेक्ट्रोनिक्स एण्ड गिफ्ट पसल
हाम्रा सेवाहरु
सम्पुर्ण ईलेक्ट्रोनिक्सका सामानहरु, घडि, रेडियो, मोबाईल बिक्री तथा सम्पुर्ण ईलेक्ट्रोनिक्स सामानहरु मर्मत गरिनुका साथै गिफ्ट र कस्मेटिक र खेलौना आईटमका सम्पुर्ण सामानहरु पाइन्छ ।
सिद्धलेक गा.पा.-२, ठाटीभञ्ज्याङ

# औद्योगिक क्षेत्रमा बढाइएको भाडा तत्काल फिर्ता गर्न माग

नेपाल उद्योग परिसंघले औद्योगिक क्षेत्रमा रहेका उद्योगीहरुको बढाइएको जग्गा भाडा तत्काल फिर्ता लिन आग्रह गरेको छ । पररसंघका कार्यवाहहक अध्यक्ष कृष्णप्रसाद अधिकारी नेतृत्वको पररसंघ टोलीले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडू र उद्योग सचिव अर्जुनप्रसाद पोखरेललाई भेट गरी औद्योगिक क्षेत्र व्यवस्थापनले बढाएको भाडा फिर्ता गरी दीर्घकालीन रूपमा समस्या समाधान गर्न आग्रह गरेको हो। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको ५ मंसिर २०७५ को बैठकले सरोकावालाहरूको असहमति हुँदाहुँदै १ साउन २०७५ देखि लागू हुने गरी अधिकतम ६८७ प्रतिशतसम्म भाडा वृद्धि गर्ने निर्णय गरेको थियो। उद्योगीहरूको असहमति तथा विरोधपछि सो निर्णय तत्काल कार्यान्वयन नगर्न र त्यस सम्बन्धमा विस्ततृ अध्ययन गर्न तत्कालीन उद्योगमन्त्रीले निर्देशन दिएका थिए । तर गत २२ असारमा बसेको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको बैठकले १ साउन २०७५ देखिकै भाडा असुल गर्ने निर्णय गरेको छ ।

मैनबत्ति डटकम अनलाइनमार्फत विज्ञापन प्रकाशन गर्न इच्छुक महानुभावहरु ले ९८६६०७७७९९ वा ०१०-५९०४३० मा सम्पर्क गर्नुहोला ।




धादिङ सञ्चार प्रा.लि.द्वारा सञ्चालित
निलकण्ठ एफ.एम. ९८.५ मेगाहर्ज
के तपाई आफ्नो व्यापार व्यवसाय बढाउन चाहन्छु हुन्छ यदि त्यसो हो भने आज नै निलकण्ठ एफ.एम.मा विज्ञापन दिहाल्नुस ।
नीलकण्ठ नगरपालिका-३, धादिङबेसी, धादिङ, फोन : ०१०-५२१४३०, ९८५११२०८५०
98.5 Neelkantha FM Dhading

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : अनिल कुमार नेपाली,Email : pratyushdainik@gmail.com